थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आधारभूत स्वास्थ्य तथा सरफाई शाखा
थबाङ, रोल्पा

५ नं. प्रदेश नेपाल

# औषधि तथा सर्जिकल सामाग्री खरिद सम्वन्धी

## दरभाउपत्र फाराम

## आ.व.: ०७५/०७६

औषधि तथा सर्जिकल सामाग्रीहरुको खरिद सम्बन्धी दरभाउपत्र फाराम

कामको विवरण :– औषधि तथा सर्जिकल सामाग्रीहरुको खरिद

स्थान :– थबाङ गाउँपालिका, आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा, थबाङ, रोल्पा

दरभाउपत्र दाता/फर्मको नाम :–.............................................

ठेगाना :– ..................................................................

फोन नं / फ्याक्स नं.................................

.............................

प्रमुख प्रशासकीय अधिकृत

थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आधारभूत स्वास्थ्य तथा सरफाई शाखा
थबाङ, रोल्पा
स्था: २०७३
५ नं. प्रदेश नेपाल

**दरभाउपत्र फाराम**

आ.व. ०७५/०७६

<u>औषधि तथा सर्जिकल सामाग्रीहरुको खरिदसम्बन्धी दरभाउपत्र कागजातहरु</u>

यस कार्यालयको आ.व.०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सशर्त र निशर्त बजेटबाट थबाङ गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुलाई अत्यावश्यकीय औषधि तथा सर्जिकल सामाग्रीहरुको खरिद गर्नका लागि प्रस्तावित सामाग्रीहरुको दरभाउपत्र सम्बन्धी कागजातहरुमा तपसिल वमोजिमका कागजातहरु (लिखित) रहेका छन् । सोको विषय सूचि तपसिल बमोजिम रहेको छ ।

<u>विषय सूचि</u>

| क्र.स. | विषय | कैफियत |
|---|---|---|
| १ | दरभाउत्र आव्हानको सूचना | |
| २ | दरभाउदाताले पालना गर्नुपर्ने निर्देशन/शर्तहरु | |
| ३ | प्राविधिक मूल्याङ्कनका पक्षहरुको सारांश | |
| ४ | खरिद गर्नुपर्ने औषधि तथा सर्जिकल सामानहरुको परिमाण सूचि | |

प्रमुख प्रशासकीय अधिकृत

## दरभाउपत्रदातालाई निर्देशन :

१) दरभाउँपत्रदाताले आ.व. २०७५/०७६ का लागि नविकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, औषधि व्यवसायी प्रमाणपत्र, आयकर तथा मु.अ.क. दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। उल्लेखित कागजातहरु पेश नगरेको बोलपत्रदाताहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन्।

२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र बोलपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ।

३) दरभाउपत्र पेश गर्दा लाग्ने सम्पूर्ण खर्च आफैले व्यहोर्नु पर्नेछ।

४) दरभाउपत्रदाताले कबोल गरको दररेट बमोजिमको विक्रि मुल्य बाहेक अन्य कुनै खर्च यस कार्यालयले व्यहोरिने छैन।

५) प्राप्त हन आएका दरभाउपत्र पूर्ण रुपमा स्वीकार गर्ने, आशींक रुपमा स्वीकार गर्ने तथा पूर्ण रुपमा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहने छ। साथै दरभाउपत्रमा उल्लेख भएका औषधिको परिमाण थपघट समेत हुन सक्ने र यसरी थपघट भएतापनि दरभाउपत्रदाताले कबोल गरेको दरमा थपघट गर्न पाइने छैन।

६) कार्यालयमा औषधि दाखिला गर्न आउँदासम्म औषधिको म्याद १८ महिना बाँकि (Expire Date) हुनुपर्नेछ। कुनै औषधिको जम्मा Expire Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expire Date को ७५ प्रतिशत बाँकी हुँदा दाखिला गर्न सकिनेछ।

७) टुटफुट तथा प्राविधिक समस्या भएको सामाग्री बुझिलिइने छैन।

८) दरभाउपत्रदाताले बोलपत्र फारामका प्रत्येक पाना तथा अन्य निर्देशनात्मक शर्तहरुका पानाहरुमा नमेटिने मसीले सही गरी फर्म वा कम्पनीको छाप लगाउनु पर्नेछ। यसो नगरेकोमा बोलपत्रलाई रित पुगेको मानिने छैन।

९) दरभाउपत्रदाताले आफुले पेश गरेको बोलपत्रको सिलबन्दी खाम बाहीर बोलपत्र खरिद गरेको कार्यालयको नाम तथा अत्यावश्यकीय सामाग्री सम्बन्धी बोलपत्र भनी उल्लेख गर्नु पर्नेछ। साथै शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा बोलपत्रदातले आफ्नो नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ।

१०) दरभाउपत्रदाताले औषधि ऐन बमोजिम औषधि व्यवस्था विभागबाट Marketing Licence नविकरण भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ। साथै दरभाउपत्रदाताको नाममा Marketing जारी नभएको भए जसको नाममा उक्त Licence हरु जारी भएको छन् निजहरुले दरभाउपत्रदातालाई बोलपत्र परेमा आफुलाई मान्य हुनेछ भनी कबुलियति पत्र शिलवन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । यस्तो कबुलियति पत्र शिलबन्दी दरभाउपत्रसाथ पेश नभए उक्त दरभाउपत्रलाई मान्यता दिइने छैन। दरभाउपत्रदाताको नाममा Marketing Licence जारी भएको भए यस्तो छुट्टै कबुलियतिको जरुरी छैन।

११) प्राप्त हुन आएका बोलपत्रहरुको मूल्याङ्कन, बोलपत्र सम्बन्धी सूचना, बोलपत्र फाराममा संलग्न शर्तहरु र अन्य आवश्यक नियम अनुसाार हुनेछ।

१२) काबु बाहीरको परिस्थिति पर्न गई तोकिएको समयमा काम सम्पन्न हुन नसकेमा र यस्तो परिस्थिति परि समयमा काम सम्पन्न हुन नसक्ने भनी स्वीकृत दरभाउपत्रदाताले आफु सप्लाई गर्ने सामानहरुको सूचि समेत संलग्न राखी



थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा
थबाङ, रोल्पा
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

लिखित रुपमा अनुरोध गरेमा उक्त व्यहोरा यस कार्यालयलाई मनासिब लागेमा नियमानुसार सम्झौताको म्याद थप गर्न सकिनेछ । उर्ययुक्त लिखित सम्झौताको म्याद समाप्त हुन अगावै स्वीकृत बोलपत्रदाताले यस कार्यालयमा पेश गर्नु पर्नेछ । साथै काबु बाहेकको परिस्थिति परेको कारणबाट दरभाउपत्रदाता उपर पर्न गएको क्षतिको हकमा यस कार्यालय जिम्मेवार हुनेछैन ।

१३) सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङमा Supply For Ministry Of Health "यो औषधि विक्रिको लागि होइन" भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ र Expire Date, Batch NO समेत उल्लेख हुनुपर्नेछ ।

१४) ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरी बीचमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा ठेक्का तोड्न सकिनेछ । सम्झौताको म्याद भित्र यस कार्यालयको स्टोरमा औषधि दाखिला गर्न नसकेको खण्डमा सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार कारबाही हुनेछ ।

१५) दरभाउपत्रदाताले कवोल गरेको दररेट अङ्क र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ । कतै केरमेट वा थपघट भए सो ठाउँमा दायाँबायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर र फर्मको छाप भएको हुनुपर्नेछ ।

१६) सम्पूर्ण करहरु (मु.अ.क. बाहेक) दरभाउपत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ । कुनै पनि कर तिरेबापत तिरेको रकमको सोधभर्ना यस कार्यालय बाट दिइने छैन ।

१७) समय नाघि वा शर्त राखि आएको दरभाउपत्र मान्य हुनेछैन ।

१८) बोलपत्र फाराममा प्रत्येक औषधि आइटमवाइज WHO GMP Certified उत्पादन कम्पनिको नाम अनिवार्य रुपले भर्नुपर्नेछ, यसरी कम्पनीको नाम उल्लेख नभएको फर्म मान्यहुने छैन ।

१९) दरभाउपत्रदाताले बोलपत्र फाराममा प्रत्येक औषधि आइटमवाइज WHO GMP Certified कम्पनी नाम लेख्दा यदि WHO GMP Certified नभएको उत्पादन कम्पनीको नाम लेखिएको पाइएमा उक्त बोलपत्र फाराम स्वीकृत गर्न सकिनेछैन ।

२०) औषधिको हकमा बोलपत्र दाताले दरभाउपत्र फाराममा विदेशी औषधि उत्पादन कम्पनीको नाम लेखेमा सो विदेशी औषधि उत्पादन कम्पनी WHO GMP Certified छ, भन्ने प्रमाण अनिवार्या रुपमा पेश गर्नुपर्नेछ , अन्यथा बोलपत्र स्वीकृत गर्न सकिनेछैन ।

२१) औषधि खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादीत औषधिहरु मात्र खरिद गरिनेछ । बोटलमा सप्लाई हुने औषधि सबैं प्लाष्टिक बोतलमा भएको हुनुपर्नेछ ।

२२) दरभाउपत्र फाराममा प्रत्येक सामाग्रीहरुको उत्पादन कम्पनीकाो नाम अनिवार्य रुपले भर्नुपर्नेछ, यसरी कम्पनीको नाम उल्लेख नभएको फर्म मान्य हुनेछैन ।

२३) बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित शर्तको पूर्ण रुपमा पालना गर्नु पर्नेछ र तोकिए बमोजिमका विवरण अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

२४) दरभाउपत्रदाताले बोलपत्रमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नू पर्नेछ ।

२५) सामाग्री एकै पटक आपूर्ति गरिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

२६) कार्यालयमा दर्ता गराएको शिलबन्दी बोलपत्र कानून अनुसार फिर्ता वा ससोंधन गर्नुपर्दा आधिकारीक फर्म वा कम्पनीको छाप, प्रोपराइटर वा प्रतिनिधिको आधिकारीक दस्तखत हुनपर्नेछ । सो कार्यका लागि फ्याक्स वा फोटोकपीलाई मान्यता दिइनेछैन ।

२७) यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

यस निर्देशन पत्रमा माथि उल्लेखित सि.नं. १ देखि २७ सम्मका सम्पूर्ण निर्देशन सहितका शर्तहरु मैले अध्ययन गरे, माथि उल्लेखित सबै शर्तहरु मेरो फर्म वा कम्पनीलाई पूर्ण रुपमा स्वीकार छ, माथि उल्लेखित शर्तहरु अनुसार मेरा फर्म वा कम्पनीको पेश भएको बोलपत्र फाराम मुल्यांकन गरिएमा मन्जुर छ भनी स्वीकार गरी यो शर्तनामा पत्र पेश गरेको छु ।

**<u>शर्तनामा पत्र स्वीकार गर्ने बोलपत्र पेश कर्ता</u>**

फर्म वा कम्पनीको :

नाम :

ठेगाना :

फर्म वा कम्पनीको आधाकाकि छाप :

मिति :

प्रोपराईटर वा प्रो.प्रतिनिधिको :

नाम :

ठेगाना :

दस्तखत :

मिति :

**प्राविधिक मुल्यांकनका पक्षहरुको साराशँ**

(बोलपत्रदाताहरुले अनिवार्य रुपमा भर्नुपर्ने)

कम्पनी दर्ता, फर्म दर्ता प्रमाण-पत्र संलग्न भएको नभएको ? आ.व. २०७५/०७६ को लागि नविकरण भएको नभएको ? (उल्लेख गर्ने ..............................................

जारी मिति तथा नविकरण गरिएको अवधि : (उल्लेख गर्ने).......................................

औषधि व्यवसायी दर्ता प्रमाणपत्र संलग्न भएको /नभएको ? ( उल्लेख गर्ने) ............................



थवाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा थवाङ, रोल्पा ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

जारी मिति तथा नविकरण गरिएको अवधि : ( उल्लेख गर्ने) ..................................

मु.अ.क. तथा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र संलग्न भएका / नभएको ( उल्लेख गर्ने) ..............

औषधि व्यवस्था विभागको प्रमाणपत्र (Marketing Import license) संलग्न राखेको , नराखेको उल्लेख गर्ने...................................

जारी मिति तथा नविकरण गरिएको अवधि :( उल्लेख गर्ने) ..............................

सम्बन्धीत बोलपत्रदाताको नाममा जारी भएको Import License पेश गरेको छ छैन ?

( उल्लेख गर्ने) .........................................

यदि छैन भने सम्बन्धीत Importer ले Import गरी दिन मन्जुरी दिएको पत्र संलग्न राखेको छ / छैन उल्लेख गर्ने

..................................................

खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको लिखित रुपमा गरेको घोषनापत्र संलग्न छ छैन ?

( उल्लेख गर्ने).....................................

उल्लेखित कागजातहरु सिलबन्दी बोलपत्र साथ संलग्न राखेको हुनु पर्नेछ ।

**बोलपत्र पेश कर्ता**

फर्म वा कम्पनीको नाम :
फर्म वा कम्पनीको ठेगाना :
प्रोपराईटर वा प्रो प्रतिनिधिको नाम :
प्रोपराईटर वा प्रो प्रतिनिधिको ठेगाना :
फर्म वा कम्पनीको आधाकारिक छाप :
दस्तखत :
मिति :

थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा
थबाङ, रोल्पा
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत